मदन कुमार सुबेदी

**तमाईंको जे.टी.ए./तपाईको बुढी आमा गनथन**

**विषय : काउली वर्गको तरकारीको गाँठे रोग व्यवस्थापन ।**

**गाउँको वातावरण**
**स्थान : कृषि सेवा केन्द्र ।**
**(बुढी आमा कृषि सेवा केन्द्रमा प्रवेश गर्दै)**

बुढी आमा :- नमस्कार है ज.टी.ए. बाबु !

जे.टी.ए. :- नमस्कार बुढी आमा !

बुढी आमा :- लौ म त आइपुगें, जे.टी.ए. बाबुसँग कृषिका नयाँ नौला करा सोध्नलाई ।

जे.टी.ए. :- के करा सोध्नुपऱ्यो भन्नोस आमा । मैले जाने बुझेसम्म बताइदिउँला क्यारे...

बुढी आमा :- म अस्ती क्या बाब, मकवानपुरको पालुङ्गतिर घुम्न गाको थिएं । मेरो नाता पर्ने बहिनीको घर पनि थियो र गाको बेलामा भनेर एकछिन भेट्न पऱ्यो भनेर त्यो बहिनीको घरमा गाको त, तरकारी बारीमा गोडमेल गर्दै रैछिन र मलाई देख्ने बितिकै खुसी भएर, लौ हाम्रो दिदी बढी आमौ आउनु भयो, मैले लगाएको काउलीको जरामा गाँठे रोग लाग्यो भनेर बोटै उखलेर देखाइन र भनिन, तपाईं त कृषि जानेको मान्छे लौ भन्नोस यो के भएको भनेर सोधिन म त अलमलमा परें भन्या बाबु त्यहिं के भएको हो बुझौं भनेर आज यो कृषि सेवा केन्द्रमा तिमीलाई भेट्न आको ।

जे.टी.ए. :- यो तरकारीको जरामा गाँठा पर्ने रोग हो आमा । यो रोग काउली जात तरकारीको लागि ज्यादै नै हानिकारक छ । यो रोग काउली, बन्दा, ब्रोकाउली, मला, ग्याँठकोबी, तोरी, चम्सूर तथा रायो बालीमा लागेको पाइएको छ ।

बढी आमा :- ए.... चम्सर, रायो, मूला सबैमा लाग्ने रैछ ?

जे.टी.ए. :- हो आमा । यो रोग एक पटक लागीसके पछि यसलाई पूर्ण रुप्मा नियन्त्रण गर्न प्रायः असम्भव हुन्छ ।

बुढी आमा :- लौ माऱ्यो ... के कारणले बाबु ?

जे.टी.ए. :- कारण यस गाँठे रोगको जीवाणु माटोमा बिसौं वर्षसम्म पनि जीवित रहन सक्छ ।

बुढी आमा :- सारै डर लाग्दो रोग पो रहेछन् जे.टी.ए. बाबु ? अनि यो गाँठे रोग चाँही के कारणले लाग्ने रहेछन् त त्यो पनि जानौं न !

जे.टी.ए. :- यो गाँठे रोग आमा । Plasmodiophora brassical woronin नामक शुक्ष्म ढुसीको आक्रमणबाट हुने गर्दछ ।

बुढी आमा :- यो गाँठे रोगको लक्षण के के देखिन्छन् त बाबु ? त्यो पनि भनिदेउ न ।

जे.टी.ए. :- तरकारी बालीमा यो गाँठे रोगले आक्रमण गरेको खण्डमा आमा, बाट होचो र कमजोर देखिई पातहरु केहि नुहेको र बोटहरु पहेंलो जस्तो देखिन सक्छ । विहानीपख वा कमलो घाम लागेको बेलामा त्यस्ता रोगी बोटहरु स्वस्थ भै देखिन्छन् तर चर्को हुँदैगए पछि ओइलाएको देखिन्छ ।

बुढी आमा :- घाम लागेको बेलामा, तरकारी बालीमा हेर्नुपर्ने रहेछ हैन त छोरा, गाँठे रोग लागेको छ कि छैन भनेर पत्ता लगाउन ।

जे.टी.ए. :- त्या त लक्षण भयो आमा ! अब त्यस्ता आईलाएको बोटहरु उखलेर हेऱ्यो भने, मूल जरामा गाँठा या डल्ला बनेका हुन्छन् । त्यस्तै सहायक जराहरुमा चाही स-साना औंला जस्ता जराहरु बनेका हुन सक्छन् र मसिना साधारण जराहरु नगण्य हुन्छन् ।

बुढी आमा :- यो गाँठे रोग लागेपछि तरकारी बाली के हुन्छ त बाबु ?

जे.टी.ए. :- रोग लागे पछि रोगी बोटहरु केहि समय पछि गाँठा कुहिएर बोटहरु मर्न थाल्दछन् आमा, अनि बाली नोक्सान भएन ?

बुढी आमा :- भयो नि नोक्सान, किन भएन, त्यत्रो दु:ख गरेर खेती बाली लगायो यसरु रोग लाग्यो भने त सखापै पारी हाल्यो नि, हैन जे.टी.ए.बाट यो गाँठे रोग लाग्न नदिने उपाय छैन भन्या ?

जे.टी.ए. :- मूख्य कुरा के भने नि आमा, यो काउली वर्गको बालीमा लाग्ने गाँठे रोग लाग्न नदिनको लागि तरकारी बालीको व्यवस्थापनमा विशेष ध्यान पुऱ्याउनु पर्छ आमा !

बुढी आमा :- के के कुरामा ध्यान पुऱ्याउनु पर्छ ? ती कुराहरु मलाई भनन त छोरा । मैले जाने सम्म गरिहाल्छु क्यारे ।

जे.टी.ए. :- सबै भन्दा पहिलो कुरो, रोगमुक्त बेर्ना लगाउने । जस्तो कि कुनै पनि ठाउँमा अथवा क्षेत्रमा गाँठे रोग देखा परेको छ भने, त्यस्तो रोग लागेको क्षेत्रमा उत्पादन गरेको बेर्ना कुनै पनि हालतमा प्रयोग नगर्ने ।

बुढी आमा :- रोगी ठाउँको बेर्ना लगाउनु भएन । अनि बेर्ना उत्पादन गर्दा पनि ध्यान पुऱ्याउनु पर्ला नि त बाबु ।

जे.टी.ए. :- पर्छ आमा । रोग मुक्त बेर्ना उत्पादन गर्न तरकारीको व्याडमा ३ हप्ता पहिले नै १ के.जि. प्रति वर्ग मिटरका दरले कृषि चून हाली पसस्त मात्रामा कम्पोष्ट मलको प्रयोग गरी माटोमा मिलाई, चर्को घाम लागेको बेलामा सोलाराइजेशन पछि मात्र तरकारीको बीउ राख्नु पर्दछ ।

बुढी आमा :- घामबाट माटोको उपचार गर्ने तरिका अपनाउनु पऱ्यो हैन त जे.टी.ए. बाबु ?

जे.टी.ए. :- हेर आमा, त्यस्तै रोग ग्रस्त क्षेत्रबाट उत्पादित आलुको बीउ पनि प्रयोग नगर्ने ।

बुढी आमा :- रोग सर्छ भनेर रोगी ठाउँको बीउ बेर्ना प्रयोग गर्न भएन । अब छोरा, यो गाँठे रोग हटाउने उपाय छैन भन्या ।

जे.टी.ए. :- यसको लागि आमा के गर्न सकिन्छ भने, खेती प्रणालीमा सुधार गर्नु पऱ्यो ।

बुढी आमा :- कस्तो सुधार बाबु ?

जे.टी.ए. :- खेतबारीको माटोको पि.एच. ६.५ देखि ७.२ सम्म पुऱ्याउन आफ्नो खेतबारीको माटोमा कृषि चुनको प्रयोग गर्ने । त्यस्तै रोग लागको खेत भएर बगेको पानी पनि सिंचाईमा प्रयोग नगर्ने । रोगी जरा प्रयोग गरी बनाइएको कम्पोष्ट मल र रोगी जरा सहितको बोट खुवाइएको गाई बस्तुको मल पनि प्रयोग नगर्ने ।

बुढी आमा :- यो त सारै खतरनाक रोग पो रहेछ । धेरै कुरामा कन्ट्रोल गर्नुपर्ने रहेछ ।

जे.टी.ए. :- हो आमा, त्यस्तै तरकारीको बेर्नाहरु छिप्पीएको प्रयोग गर्ने अर्थात सात (७) हप्ता भन्दा कम उमेरको बेर्ना प्रयोग नगर्ने आमा । एउटै बाली सधैं नलगाई घुम्ते बाली प्रथा अपनाउने । अनि अग्लो ड्याङ्गमा बाली लगाउने र कम्पोष्ट मलको प्रयोग बढाउने आमा ।

बुढी आमा :- घुम्ते बाली लगाउनु त राम्रो छ छोरा त्यो मलाई थाहा छ । अनि कम्पोष्ट मल पनि जति सक्यो बढी नै प्रयोग गर्छु छोरा । अब त प्राँगारिक खेती गऱ्याछु मैले कम्पोष्ट मल त बढाउनै पऱ्या नि ।

जे.टी.ए. :- पऱ्यो आमा पऱ्यो । अर्को यो गाँठे रोगबाट बच्नलाई खेतबारीको सर सफाईमा पनि विशेष ध्यान पुऱ्याउनु पर्छ आमा ।

बुढी आमा :- खेतबारीको सर सफाई त गर्नुपर्छ छोरा, त्यो पनि मलाई थाहा छ । सर सफाई भएन भने, झारपातको प्रकोपले गर्दा रोग किरा बढ्छ त्यसैले सर सफाई गर्नु पर्छ ।

जे.टी.ए. :- हो आमा सर सफाई गर्नपर्छ । अनि अर्को कुरा के भने आमा, हामीले रोग ग्रस्त क्षेत्रमा खेतबारी खनजोत गर्न कृषि औजारहरु प्रयोग गर्छौं नि, हो त्यो प्रयोग गरेको औजारहरु पनि काम सकिए पछि धोई पखाली गरेर सफा गर्नुपर्छ । त्यस्तै काउली वर्गको परिवारमा पर्ने जंगली झारपातहरु पनि निर्मुल पार्ने, जुन गाँठे रोग लागेको बोट, बिरुवा, जराहरु हुन्छन् नि त्यसलाई पनि उचित व्यवस्थापन गर्ने, अर्थात नष्ट गर्ने आमा ।

बुढी आमा :- यो गाँठे रोग निर्मुल पार्न त निकै समस्या पर्ला जस्तो छ । कति कुरा मात्र विचार पुऱ्याउनु । बरु विषादी प्रयोग गर्न मिल्दैन छोरा । के गर्नु विषादीको नामै नलिउ भने पनि, यस्तो बेलामा कुरा उठाउन परीहाल्छ ।

जे.टी.ए. :- के गर्ने आमा समय अनुसार चल्न परीहाल्यो, सकेसम्म विषादी प्रयोग नगर्ने, त्यस्तै अवस्था परेमा प्रमाणिकरण गरिएका कम विष भएका विषादीको प्रयोग गर्ने आमा, त्यो पनि अवस्था अनुसार आमा, सके सम्म अर्गानिक नै राम्रो आमा ।

बुढी आमा :- हो छोरा, मैले पनि अर्गानिक खेती नै गऱ्याछु । निम, तितेपाती, बकैनो, असुरो, वनमारा, सिस्नो जस्ता झारपातलाई गाईको गहुतमा कुहाएर विषादीको रुपमा प्रयोग गर्छु छोरा । म त ।

जे.टी.ए. :- एकदम राम्रो आमा । अर्गानिक खेती गर्नु आजको आवश्यकता पनि हो आमा । विषादी रहित

नै हुनुपर्छ आमा ।

बुढी आमा :- अब के गर्ने त छोरा, यो गाँठे रोग हटाउन विषादी नै प्रयोग गर्नु पर्ला जस्तो छ ।

जे.टी.ए. :- हो आमा । यो गाँठे रोगको लागि नेविजिन नामक विषादी १० किलो प्रति रोपानी अथवा डेढ कठ्ठा जग्गाको दरले, जग्गा तयार गर्ने बेलामा माटोमा राम्रोसँग मिसाउन पर्छ । यदि नेविजिन नपाइएमा बेर्ना सार्ने बेलामा बेर्नाहरुलाई, बन्लेट ५ ग्राम प्रति लिटर पानीमा मिलाइएको घोलमा १५ देखि २० मिनेटसम्म बेर्नाको जरा डुबाएर मात्र सर्ने आमा ।

बुढी आमा :- नेविजिन भन्ने माटोमा मिलाउने, यदि यो नेविजिन नपाइएमा, बेन्लेट ५ ग्राम प्रति लिटर पानीमा मिसाएर त्यो घोलमा बेर्नाको जरालाई १५ देखि २० मिनेटसम्म डुवाएर राख्ने त्यसपछि बेर्ना सार्ने हैन त जे.टी.ए. बाबु ।

जे.टी.ए. :- हो आमा । यदि बेन्लेट भन्ने पनि पाइएन भने, बेभिष्टिन २ ग्राम प्रतिलिटर पानीको घोलमा डुबाउनुका साथै सोहि घोल लगभग आधा चौथाई प्रत्येक बोटको फेदको वरीपरी खन्याउने ।

बुढी आमा :- यदि यो तिमीले अहिले भनेको विषादी पनि पाइएन भने नि ?

जे.टी.ए. :- बेमिष्टिन पनि पाइएन भने, Trichoderma viride युक्त Bio-Fungicide प्रयोग पनि गर्न सकिन्छ आमा ।

बुढी आमा :- लो छोरा, आज गाँठे रोगको बारेमा धेरै करा थाहा भयो, जे.टी.ए. बाबुलाई धेरै धेरै धन्यबाद ।

जे.टी.ए. :- तपाईलाई पनि धन्यबाद आमा । यहासम्म आएर मेरो करा सुनिदिनु भएको मा ।

बुढी आमा :- लौ छोरा म अब जान्छु पनि

जे.टी.ए. :- हस् आमा नमस्का .....

बुढी आमा :- नमस्कार छोरा ..... हरिशरणम्.....